
स्तनपान
कक्ष

# सम्मानित रूपमा स्तनपान गराउन सुरक्षित स्थान

नेपाल र भारतका शहरहरू साझा संस्कृति र दैनिक जीवनका थुप्रै आयामहरू सँगसँगै लिएर बाँचेका छन् । धेरैका लागि, दुवै देशका शहरहरूले बजार, स्वास्थ्य सेवा र जीविकोपार्जनका विकल्प दिएका छन् । दैनिक दुवै देशका लाखौं नागरिकहरू आर्थिक, धार्मिक, सांस्कृतिक तथा सामाजिकलगायतका प्रयोजनका लागि सिमानाका ओहोरदोहोर गर्छन् । भर्खरै आमा बनेकी कैलालीकी सङ्गीता (वर्ष २२), एक प्रतिनिधि पात्र हुन् ।

स्वास्थ्य सल्लाहका लागि सङ्गीताको जाने ठाउँ भारतमा पर्छ । यसपटक भारत जाने उनको कारण अलि टड्कारो थियो । उमेर बढे पनि उनको बच्चाले कुनै शारीरिक हलचल देखाइरहेको थिएन । यसले उनलाई नजिकैको भारतीय शहरमा पुगेर डाक्टरको सल्लाह लिन बाध्य बनायो । तर काखको बच्चा लिएर दिनभरिका लागि घर छोडेर जानु सजिलो पक्कै थिएन, बच्चालाई दिनभरिमा कयौंपटक स्तनपान गराउनुपर्ने हुन्थ्यो । सङ्गीतालाई डाक्टरको सल्लाह लिनुपर्छ भन्ने कुरा राम्ररी थाहा थियो तर यात्रामा हुने कठिनाइ सम्झेर उनले यो यात्रा धेरै समयदेखि सार्दै आएकी थिइन् ।

भारतमा भएका उनको श्रीमान् आएपछि भने सङ्गीतालाई यात्रा गर्न केही सजिलो भयो । यी दम्पत्तिले यात्राको चाँजोपाँजो मिलाए तर गौरीफन्टामा रहेको सीमा प्रवेश नाकामा आइपुग्दा नपुग्दै बच्चा रून थाल्यो । फेरि भारततिर जानका लागि सिमानाकामा स्वास्थ्य जाँच पनि गराउनु पर्थ्यो र जाँचको परिणाम आउन एक घण्टा जति लाग्ने भयो । यता बच्चाको रूवाइ झनै बढ्दै गइरहेको थियो । उनी जसोतसो बच्चालाई फुल्याउँदै पर्खिरहेकी थिइन् कसैले उनलाई स्तनपान कक्षका बारेमा जानकारी दियो । अनुहारै पूरै उज्यालो हुने गरी उनी खुशीले मुस्किुराइन् । उनले तत्कालै बच्चालाई स्तनपान गराउन स्तनपान कक्षको प्रयोग गरिन् र यात्रा पुनः शुरू गर्नुअघि एक घण्टा थकाइ पनि मारिन् ।

"मेरो पहिलो बच्चा हो र ऊ जन्मजात शारीरिक रूपमा अपाङ्ग छ । मेरा आफन्तले इन्डियामा भएको डाक्टरसँग सल्लाह लिनु भन्नुभएको थियो तर मलाई खुला ठाउँमा बच्चालाई स्तनपान गराउन एकदमै लाज लाग्छ, त्यही भएर आजभोलि भन्दै इन्डिया जाने दिन परपर धकेल्दै गए । जब उहाँ (उनको श्रीमान्) इन्डियाबाट फर्किनुभयो, मलाई अलिकति आँट आयो । तर हामीलाई चाहिएको त यस्तै स्तनपान कक्ष हो नि ! यो बनाउने संस्थालाई धेरै धेरै धन्यवाद," आफ्नो अनुभव सुनाउँदै सङ्गीता भन्छिन् ।

परियोजनाले सबै स्थल सिमानाकाहरूमा स्तनपान कक्ष निर्माण गरेको छ । यस्ता कक्षले स्तनपान गराइरहेका आमाहरूका आफ्ना बच्चाहरूलाई सम्मानित रूपमा स्तनपान गराउन सुरक्षित स्थान उपलब्ध गराउँछन् ।